आधा अक्षर 'ज'

# ज्योतिलाई ज्वरो



राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# ज्योतिलाई ज्वरो


लेखक : जनार्दन बराल

चित्र : बन्दना तुलाचन



संस्करण : २०७५

A publication of the Government of Nepal / Ministry of Education, Science and Technology / Curriculum Development Centre



This material was reproduced on the basis of an original work developed by Room to Read and licensed under the Creative Commons Attribution 4.0 International License. To view a copy of this license, visit http://creativecommons.org/licenses/by/4.0/.



This publication is made possible by the support of the American People through the United States Agency for International Development (USAID). The contents of this publication are the sole responsibility of RTI International and its subcontractor(s) and do not necessarily reflect the views of USAID or the United States Government.

ज्योतिलाई ज्वरो आयो। ज्वरो ज्यादै थियो।



ज्योतिले ज्यामालाई ज्यामिरेबाट
ज्यामिर ल्याउन भनी ।




ज्वरो आउँदा ज्यामिर खानु हुन्न ।
बरु ज्वानो खाऊ ।



मलाई सारै ज्वलन भयो। पानीमा भिज्छु। ज्योति आँगनमा गई।



पानीमा भिज्न हुन्न ज्वरो आउँछ।
ज्यामाले समातेर ल्याउनुभयो।



रिज्मा र म खेलेर मज्जा गर्छौं।
ज्योति आँगनमा दौडी।



ज्यादा कर नगर ज्योति ।

ज्ञानी बन ।



ज्वानो खाऊ बरु। ज्यानबाट ज्वरो कम हुन्छ।



ज्वानो मन पर्दैन ।

म त ज्यामिर नै खान्छु ।



ज्यादा ढिपी नगर न नानु। लौ अब ज्वानो खाऊ।



हुन्छ लौ ज्वानो दिनुहोस् । अब भिज्दिनँ, खेल्न पनि जान्नँ ।



ज्योति कति सज्जन ।

ज्यामाको मुहार उज्यालो भयो ।



मुख्य शब्दहरू

| | | | |
|---|---|---|---|
| ज्वरो | ज्यादै | ज्यामा | ज्यामिर |
| ज्वानो | ज्वलन | भिज्छु | मज्जा |
| ज्यान | सज्जन | उज्यालो | |

# ज्

# ज्योतिलाई ज्वरो

अक्षर चिनेर सही र स्वतस्फूर्त रूपमा उच्चारण गर्न बालबालिकालाई सहयोग गर्ने यी विसङ्केतन पाठ (Decodable Readers) प्रकाशनमा ल्याउन पाउँदा हामी खुसी छौँ । बालबालिकालाई सहज रूपमा पढ्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हो । कथासहितका यी किताबका शृङ्खला पढेर बालबालिकाले रमाइलो मान्ने छन् । उनीहरू अरूको सहयोगबिना सही उच्चारण गर्न सक्षम पनि हुने छन् । समग्रमा यी अध्ययन सामग्री नेपाली वर्णमालाका वर्ण तथा मात्राहरूलाई क्रमिक रूपमा सहज ढङ्गले चिनाउन उपयोगी हुने छ र यसले बालबालिकाको पढ्ने सिपको विकासमा मदत पुऱ्याउने छ ।

## शिक्षकलाई निर्देशन

१. सम्बन्धित आधा अक्षरको चिनारीपछि प्रत्येक बालबालिकालाई यो अध्ययन सामग्री पढ्न दिनुहोस् ।

२. बालबालिकाले पढिरहेका बेलामा शिक्षकले अवलोकन गर्नुहोस् । धेरैजसो बालबालिका कुनै शब्दमा अडिएका छन् वा उनीहरूलाई पढ्न गाह्रो भएको छ भने ती शब्दलाई टिपेर राख्नुहोस् ।

३. गाह्रो मानिएका शब्दका बनोट बालबालिकालाई राम्ररी बुझाएर ती शब्द पटक पटक उच्चारण गरिदिनुहोस् । बालबालिकालाई पनि ती शब्दको उच्चारण अभ्यास गराउनुहोस् ।